का.जि.प्र.का.द.नं. १००/०५९/६०

**१७ मंसिर २०७९,**
**शनिबार**
**3 December 2022,**
**Saturday**

**मूल्य रु. ५/-**

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २८७ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# दबावमा माधव नेपाल

खराब चुनावी नतिजाका कारण नेकपा एकीकृत समाजवादीको राजनीतिक भविष्यबारे अनेक आँकलन भइरहेको छ । त्यही बेला पार्टीभित्रै भिन्न मत देखिदा अध्यक्ष माधवकुमार नेपाल थप दबावमा परेका छन् ।



"नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउनुपर्ने आवश्यकता छ भन्नेमा हामी प्रष्ट छौं । तर अहिले त्यस सम्बन्धमा निर्णय त के कुनै छलफल, वार्ता वा सम्वाद केही पनि भएको छैन ।

**डा.बेदुराम भुसाल**
*महासचिव*
*एकीकृत समाजवादी*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ मंसिर ।

नेकपा एकीकृत समाजवादीका महासचिव डा.बेदुराम भुसालले शुक्रबार बक्तव्य जारी गरेर नेकपा माओवादी केन्द्रसँग एकताको प्रचार गलत भएको जनाएका छन् । चुनावको अन्तिम नतिजा आउन अझै बाँकी रहेकाले पार्टी एकताबारे चलेको चर्चामा कुनै सत्यता नरहेको भुसालले प्रष्टोक्ति दिएका छन् ।

'नेपालको कम्युनिष्ट आन्दोलनलाई एकताबद्ध बनाउनुपर्ने आवश्यकता छ भन्नेमा हामी प्रष्ट छौं । तर अहिले त्यस सम्बन्धमा निर्णय त के कुनै छलफल, वार्ता वा सम्वाद केही पनि भएको छैन', भुसालले जारी गरेको बक्तव्यमा उल्लेख छ । भुसालले हुँदै नभएको प्रचार गराएर भ्रम सिर्जना गर्न खोजिएकाले समेत बक्तव्यमा लेखेका छन् ।

तत्कालै एकीकृत समाजवादीकै शीर्ष नेता मुकुन्द न्यौपानेले उक्त बक्तव्यको खण्डन गरे । माओवादी केन्द्रसँग एकता गर्नेबारे निर्णय भएको मिति नै सार्वजनिक गरे । गएको भदौ १ गते पार्टी एकता गर्नेगरी निर्णय भएको न्यौपानेले लेखेका छन् ।

'...यत्रो कसरतपछि देशभरि कार्यकर्ताको विरोध देखेर हतार हतार विज्ञप्ति गरेर छोप्न खोज्नु कति सर्मको कुरा हो' न्यौपानेले लेखेका छन्, '..खोले एक गल्ती, छोपे तीन गल्ती ।' न्यौपानेले यसअघि पनि सार्वजनिक रुपमै माओवादी केन्द्रसँग एकताको संभावना नरहेको अडान राख्दै आएका थिए । तर पार्टी एकता गर्नेगरी एकीकृत समाजवादीले निर्णय गरेको भन्दै असन्तुष्टि जनाउँदै आएका न्यौपानेले महासचिव भुसालको बक्तव्यको तत्कालै खण्डन गरेका छन् ।

एकीकृत समाजवादी र माओवादी केन्द्रबीच एकताको प्रचार भने चुनावी नतिजा आइरहँदा अध्यक्ष माधवकुमार नेपालले पुष्पकमल दाहाल प्रचण्डसँग भेटेपछि चलेको थियो । गएको सोमबार प्रचण्ड र माधव नेपालबीच भएको सम्वादमा एकता गरेर अगाडि बढ्ने छलफल भएको नेताहरुले बताएका थिए । त्यसैको खण्डन गर्न महासचिव भुसाल बाध्य हुनु र तत्कालै न्यौपानेले खण्डन गर्नुले एकीकृत समाजवादीभित्र रहेको मूल प्रवृत्तिकै संकेत गर्छ । किनकि एकीकृत समाजवादी स्थापनादेखि नै माओवादीसँग एकता हुने आशंका गरिदै आएको थियो । तर पार्टीभित्र एउटा पंक्ति नै यो एकताप्रति

– बाँकी पृष्ठ २ मा



"...यत्रो कसरतपछि देशभरि कार्यकर्ताको विरोध देखेर हतार हतार विज्ञप्ति गरेर छोप्न खोज्नु कति सर्मको कुरा हो । ..खोले एक गल्ती, छोपे तीन गल्ती ।

**मुकुन्द न्यौपाने**
*नेता*
*एकीकृत समाजवादी*

# सत्ता मोहले निम्त्याएको संकट

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ असार ।

गत मंसिर ४ मा भएको प्रदेश तथा प्रतिनिधिसभाको निर्वाचन परिणामले मधेश केन्द्रित दल जसपा र लोसपाको वर्चस्व घट्दै गएको देखिएको छ । अघिल्लो निर्वाचनमा राष्ट्रिय पार्टी बनेर मधेशमा दबदवा बनाएका दुई दललाई सिके राउन नेतृत्वको जनमत पार्टी र रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टीले चुनौती दिने देखिएको हो ।

अघिल्लो निर्वाचनमा १७ सिट जितेको लोसपा यो पटक ४ सिटमा खुम्चिएको छ भने थ्रेस होल्ड कटाएर राष्ट्रिय पार्टी बन्ने सम्भावना पनि न्यून छ । उपेन्द्र यादव नेतृत्वको जसपा पनि खुम्चिएर ७ सिटमा झरेको छ भने थ्रेस होल्ड कटाउँदा १२ सिटसम्म पुग्ने संभावना छ ।

तराई-मधेश केन्द्रीय राजनीति गरिरहेका दलहरु जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीले यसपटक नराम्रो पराजय बेहोर्नुमा उक्त दलमा देखिएको सत्ता मोह नै प्रमुख कारण रहेको नेताहरु बताउँछन् ।

तर, निर्वाचनको केही समय अगाडि मात्रै उदाएका जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीले निर्वाचनमा राम्रो सफलता हात पारेका छन् । प्रत्यक्षमा १ सिट जितेको जनमत पार्टीले समानुपातिक सहित ५ सिट जितेको छ भने नागरिक उन्मुक्ति पार्टीले तराईमा ३ सिट जितेको छ ।

नागरिक उन्मुक्तिले चाहि थ्रेसहोल्ड कटाउने सम्भावना देखिदैंन । वर्षौदेखि प्रभुत्व जमाइरहेका तराइ केन्द्रित दलको जनमत घट्नुमा नागरिकता विधेयकमा अडान नहुनु र सरकारमा जान मरिहत्ते गर्नु रहेको लोसपाका एक नेता बताउँछन् । 'कहिले केपी ओली नेतृत्वको सरकारमा जाने त कहिले देउवा नेतृत्वको सरकारलाई समर्थन गर्ने गर्दा जनतामा विश्वस घटेको पाइयो, अझ बुढा नेताहरुले कहिल्यै नेतृत्व नछोड्दं नयाँ कार्यक्रम आउने सम्भावना पनि न्यून रह्यो,' उनले भने । त्यति मात्रै होइन, पार्टी विभाजन र केन्द्रीय नेताले नै साथ छोडपछि लोसपाको अवस्था थप कमजोर भएको नेताहरुको टिप्पणी छ ।

मधेश मामिलाका जानकार डा. राजेश अहिराज लोसपा र जसपा तराईमा कमजोर हुनुमा नेताहरुकै अर्कमण्यता भएको बताउँछन् । 'पटक पटक जनताले उनीहरुलाई जिताएर पठाउँदा पनि व्यक्तिगत र सत्तास्वार्थबाट बाहिर आउन सकेनन्, जनताले उनीहरुको कदमलाई भोट मार्फत दण्डित गरे,' उनले भने ।

जनताका समस्यामा केन्द्रित नहुने सबै दलले दण्डित हुनुपर्ने उल्लेख गरेका छन् । लामो समयदेखि विभिन्न क्षेत्रमा एकछत्र राज गर्दै आएका मधेश केन्द्रित दल मात्रै नभएर एमाले, कांग्रेस र माओवादीप्रतिको आकर्षण पनि विस्तारै घट्न थालेको छ । जसले गर्दा नयाँ दल र नेताले उदाउने मौका पाएका छन् ।

# अमेरिकालाई सहयोग गर्ने बालेन चाहना

उहाँले हामीलाई आर्थिक सहयोग गर्ने प्रस्ताव लिएर आउनुभएको थियो तर, हामीले हामी अमेरिकामा नेपाली सभ्यता झल्काउने मन्दिर अथवा पाटी पौवा बनाइदिन सहयोग गर्छौं भनेर पठाएका छौं ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १६ असार ।

काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह (बालेन) ले अमेरिकामा नेपाली सभ्यता झल्काउने मन्दिर अथवा पाटी पौवा बनाउन सहयोग गर्ने चाहना व्यक्त गरेका छन् ।

शुक्रबार अमेरिकी राजदूत डीन आर. थम्पसनसँगको भेटमा उनले यस्तो प्रस्ताव गरेका हुन्

बिहीबार राष्ट्रियसभा गृहस्थित मेयर साहको कार्यकक्षमा राजदूत थम्पसनले भेट गरको थिए । भेटमा राजदूत थम्पसनले काठमाडौंसँग संयुक्त राज्य अमेरिकाका विभिन्न शहरहरुसँग भगिनी सम्बन्ध रहेको बताउँदै नगर र नागरिक स्तरीय दिगो सम्बन्धका लागि आफू प्रतिवद्ध रहेको बताए ।

भेटका क्रममा प्रमुख साहले, काठमाडौं मौलिक सांस्कृतिक सम्पदाले भरिएको जीवन्त सहर भएको बताए । सहरको जीवन्तता संरक्षण र प्रवर्धनका महानगरका लागि प्राथमिक कार्यक्रम रहेको उनको भनाइ थियो ।

साथसाथै, मेयर बालेनले अमेरिकामा नेपाली सभ्यता झल्काउने मन्दिर अथवा पाटी पौवा बनाइदिन सहयोग गर्ने चाहना व्यक्त गरेका हुन् । भेटपछि बालेनले भनेका छन्, 'उहाँले हामीलाई आर्थिक सहयोग गर्ने प्रस्ताव लिएर आउनुभएको थियो तर, हामीले हामी अमेरिकामा नेपाली सभ्यता झल्काउने मन्दिर अथवा पाटी पौवा बनाइदिन सहयोग गर्छौं भनेर पठाएका छौं ।'

त्यस क्रममा राजदूत थम्पसनले काठमाडौंसँग संयुक्त राज्य अमेरिकाका विभिन्न सहरहरुसँग भगिनी सम्बन्ध रहेको बताउँदै नगर र नागरिक स्तरीय

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# कतारमा अलपत्र नेपाली कामदारको उद्धार गर्न त्रिपक्षीय सम्झौता

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर

वैदेशिक रोजगारीका लागि कतारमा विभिन्न कारणले अलपत्र एवं अन्य विभिन्न कारणले समस्यामा पर्ने नेपाली कामदारको उद्धारका लागि त्रिपक्षीय समझदारी बनेको छ। वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड र कतारमा रहेको नेपाली व्यवसायी संघ कतारबीच शुक्रबार त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर भएको हो। संघ कतारमा विभिन्न पेशा व्यवसाय गर्ने नेपालीहरूको सामाजिक संस्था हो ।

समझदारी पत्रमा वैदेशिक रोजगार विभागका महानिर्देशक उमाकान्त आचार्य, बोर्डकी निर्देशक मैया कंडेल र नेपाली व्यवसायी संघ कतारका तर्फबाट



संघका अध्यक्ष महेन्द्र चौलागाईंले हस्ताक्षर गरेका छन् । समझदारी पत्रमा वैदेशिक रोजगार विभागबाट श्रम स्वीकृति लिई कतार गएका नेपाली कामदार र नेपाली व्यवसायी संघ कतार शाखासँग आवद्ध रहेका नेपाली व्यवसायीहरुको राहत, उद्धार, स्वदेश फिर्ता तथा पुनः एकीकरणका लागि सहकार्य गर्ने उद्देश्य छ । समझदारी पत्रले वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सहयोग पुग्ने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका अधिकारीहरूको भनाइ छ ।

समझदारीमा नेपालबाट श्रम स्वीकृति लिई गएका र कतारमा व्यवसायीका रुपमा रहेका नेपालीहरुको आवतजावतका केही असहज प्रकृया अन्त्य गरी सहजता ल्याउनेसमेत उल्लेख छ । त्यसका लागि विभागबाट परिचय पत्र प्रदान गर्ने र नेपाली कामदारहरुको उद्दार, राहत, स्वदेश फिर्ती तथा पुनः एकीकरणका लागि तीनै पक्षले सहकार्य गर्ने प्रवन्ध समझदारी पत्रमा उल्लेख छ । पत्रमा तीनै पक्षले आ-आफ्नो क्षेत्रबाट गर्नुपर्ने कामलाई स्पष्ट उल्लेख गरिएको छ ।

यसका अतिरिक्त समझदारीले वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षण, सुरक्षित वैदेशिक रोजगार सम्बन्धी

– बाँकी पृष्ठ २ मा



## अपाङ्गता भएका व्यक्तिहरुको ३१ औं अन्तर्राष्ट्रिय दिवस

# अपाङ्गता भएका व्यक्तिहरु समस्या नै समस्यामा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर




आज अपाङ्गता भएका व्यक्तिहरुको ३१ औं अन्तर्राष्ट्रिय दिवस । नेपालमा पनि विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदैछ। यस वर्षको लागि 'समावेशी विकास लागि रुपान्तरित समाधानः पहुँचयुक्त र समावेशी विश्वका लागि उर्जावान सिर्जनशिलताको प्रावधान' नारा तय भएको छ ।

दिवसका अवसरमा राष्ट्रिय अपाङ्ग महासंघ नेपालले साताव्यापी कार्यक्रमको आयोजना गर्दैछ । यस्तै आज बिहान भद्रकालिबाट ऱ्यालीको आयोजना गरिदैंछ।

काठमाडौंमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा महासंघका अध्यक्ष देवीदत्त आचार्यले मनोसामाजिक अपाङ्गतालाई हेर्ने पुरातन रूढीवादी चिन्तन र कानूनी विभेदका कारण नेपालमा कति मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरू छन् भन्ने कुरा अझै बाहिर आउन नसकेको बताए ।

उनीहरू अपाङ्गताको परिभाषामा पर्ने भएतापनि अपाङ्गता परिचयपत्र प्राप्त गर्न नसकेको उनको भनाइ छ। उनले नेपालमा नीति र कानुनमा जति नै कुराहरू लेखिएको भएतापनि सिमान्तकृत समुह अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरू सबैभन्दा धेरै सिमान्तकृत अवस्थामा रहेको बताए ।

उनले भने, 'अपाङ्गतालाई हेर्ने दृष्टिकोण परम्परागत र चिकित्सकीय सोचबाट मात्र गर्ने गरिन्छ। तर पछिल्लो समयमा अन्तर ाष्ट्रिय महासन्धीले अपाङ्गतालाई शारीरिक वा मानसिक अवस्थाको आधारमा गरिने विभेद, उपेक्षा र उनीहरुको सहभागितालाइ अवरूद्ध गर्ने अवरोधहरूको कारण उत्पन्न अवस्थाको रूपमा परिभाषित गरिन्छ ।'

अपाङ्गता भएका व्यक्तिहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता, व्यक्तिगत स्वतन्त्रता र सामाजिक सुरक्षा जस्ता आधारभूत अधिकारहरूको उपयोगमा चरम विभेद, असमान व्यवहार र अवरोधहरूको सामना गर्नुपरिरहेको उनको भनाइ छ ।

यस्ता अवरोधहरू सार्वजनिक भौतिक संरचना, शैक्षिक प्रणाली, सूचना तथा संचार प्रणाली, सार्वजनिक यातायात, कानून तथा नीति र सामाजिक सोचमा विद्यमान रहेको उनले बताए ।

उनले भने, 'सहायक सामग्री, सहयोगी सेवा, समावेशी संरचना, सांकेतिक भाषा दोभाषे, गम्भीर शारीरिक वा मानसिक अवस्थाका व्यक्तिहरूका लागि नियमित हेरचाह गर्ने व्यवस्था, नियमित स्वास्थ्योपचार र परामर्श, पुनर्स्थापना सेवा, ह्याप्टिक सिग्नल, रियलटाइम क्याप्सनिङ जस्ता व्यवस्थाहरूको अभावमा अपाङ्गता भएका व्यक्तिहरूको सहभागिता, शिक्षा, आवागमन, रोजगारी, संचार आदिमा पहुँच अवरूद्ध भएको छ भने अभिव्यक्तिको अधिकार र व्यक्तिगत स्वतन्त्रता हनन् भएको अध्यक्ष आचार्यले बताए ।

मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न अवस्थामा सामाजिक र कानूनी दुवै प्रकारका विभेदको सामना गर्नु परिरहेको छ। साथै बौद्धिक अपाङ्गता, अटिजम, हेमोफिलिया, श्रवणदृष्टिविहीन व्यक्तिहरूले पनि भेदभावको सामना गरिरहेको उनको भनाइ छ ।

नेपालको संविधान, कानुन र नीतिहरूले अपाङ्गता भएका व्यक्तिहरूका लागि विभिन्न अधिकार, सेवा सुविधा, अवसर, विशेष व्यवस्था र सहुलियतहरू प्रदान गरेको भएतापनि ति प्रावधानहरू व्यवहारमा लागू हुन सकेका छैनन् । नीतिमा जति नै राम्रा कुराहरू उल्लेख भएतापनि ति कुराहरू सरकारका वार्षिक कार्यक्रम, योजना र बजेटमा कतैपनि देखिँदैनन् ।

सरकारसँग अपाङ्गता भएका व्यक्तिहरूको विश्वासनीय तथ्यांक छैन र यस विषयमा सरकारका तथ्यांक सम्बन्धी काम गर्ने निकायहरू गम्भीर भएर लागेका छैनन् । अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क लिने अन्तर्राष्ट्रिय अभ्यास र विधि (वासिङ्गतट समुह प्रश्नावली) हरूलाई अबलम्बन गरिएको छैन । जसको कारण सहि तथ्याङ्कको अभावमा सरकारका योजना र कार्यक्रमहरू प्रभावित छन् र साथै तथ्याङ्कै अभावले सेवा सुविधाहरू अपाङ्गता भएका व्यक्तिहरू सम्म पुग्न सकेका छैनन् ।

स्थानीय तहका नीति तथा कार्यक्रम बनाउँदा अपाङ्गता भएका व्यक्तिहरुको सवालहरुलाई प्रयाप्त समेटेको पाइदैन र सो सम्बन्धी दक्ष जनशक्तीको अभाव रहेको छ। अपाङ्गता परिचयपत्र वितरणमा प्राविधिक क्षमताको अभावमा स्थानीय तहले विभिन्न चुनककतिको सामना गरिरहनुपरेको छ । ५० प्रतिशत भन्दा बढी अपाङ्गता भएका व्यक्तिले अपाङ्गता परिचयपत्र नै पाउन सकेका छैनन् ।

अपाङ्गता भएका व्यक्तिहरूको अवस्थालाई तथ्याङ्कमा हेर्दा नेपालको जनगणना२०६८ अनुसार नेपालको कुल जनसंख्याको १.९४ प्रतिशत विभिन्न प्रकारको अपाङ्गता रहेको देखिन्छ । तर केन्द्रीय तथ्यांक विभाग र युनिसेफले ३ देखी १८ वर्ष स्कुल उमेरका बालबालिकाहरुको सर्भे गर्दा अपाङ्गता १०.६ प्रतिशत अपाङ्गताको प्रतिशत देखिएको छ ।

सन् २०१६ मा नेपालका ५९ वटा जिल्लामा गरिएको अपाङ्गता भएका व्यक्तिहरूको जीवनस्तर अध्ययनको प्रतिवेदन अनुसार हरेक ८ जना विभिन्न सहायक सामग्रीहरू पाउनुपर्ने अवस्थाका अपाङ्गता भएका व्यक्तिहरू मध्ये केवल १ जनाले मात्र सहायक सामग्री पाएका छन्।

५ वर्षभन्दा माथिका विद्यालय जाने उमेर समुहका अपाङ्गता भएका बालबालिकाहरूमध्ये ४०.५ प्रतिशत अझै पनि विद्यालय जान सकेका छैनन् । नेपालमा अपाङ्गता भएका महिलाहरूको अवस्था थप सिमान्तकृत र जोखिमपूर्ण छ। अपाङ्गता भएका महिलाहरू अधिकांश यौन दुर्व्यवहार, बलात्कार र घरेलु हिंसाको शिकार हुने गरेका छन् ।

धेरै अपाङ्गता भएका महिलाहरूले प्रजनन् स्वास्थ्यको हक उपभोग गर्न पाएका छैनन् । सन २०१९ मा गरिएको एक अध्ययन अनुसार ६७ प्रतिशत भन्दा बढी अपाङ्गता भएका महिलाहरू कुनै न कुनै रूपमा यककन दुर्व्यवहार, हिंसा र लैङ्गिक विभेदको शिकार हुने गरेका छन् ।

विभिन्न अवरोध, खराव सामाजिक सोच, अवरोधयुक्त न्याय प्रणाली र आवश्यक सहयोगको अभावमा हिंसाबाट प्रभावितमध्यै १६ प्रतिशतले मात्र हिंसा वा दुर्व्यवहारको विरूद्धमा उजुरी दिन्छन् र ८४ प्रतिशत घटनाहरू प्रतिवेदनमै आउँदैनन् । विश्व स्वास्थ्य संगठनका अनुसार हरेक ४ जनामा १ जना व्यक्ति कुनै न कुनै रूपमा मानसिक स्वास्थ्य सम्बन्धित समस्या वा मनोसामाजिक अपाङ्गताको अवस्थामा बाँचिरहेको हुन्छ भन्ने अनुमान गरिन्छ ।

एक अध्ययनले देखाए अनुसार नेपामा झण्डै ३७.५ प्रतिशत मानिसहरू मानसिक वा मनोसामाजिक समस्याको शिकार छन् जसमध्ये २७ प्रतिशत जति डिप्रेशनको अवस्थामा छन् । मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरूमाथि हुने चरम विभेद, उपेक्षा, दुर्व्यवहारका कारण अवस्था पहिचान भएको भएतापनि अधिकांश मानिसहरू यो अवस्था बाहिर देखाउन चाहँदैनन् । पुरातन सामाजिक सोच र पितृसत्तात्मक सामाजिक संरचनाको कारण र अपाङ्गता भएका महिलाहरू समाजमा थप लैङ्गिक विभेदको शिकार हुनुपर्ने अवस्था छ ।

अपाङ्गता भएका पुरूषहरूको तुलनामा अपाङ्गता महिलाहरू अत्याधिक मात्रामा वैवाहिक जीवन ज्यूनबाट वञ्चित छन् । राष्ट्रिय अपाङ्ग महासंघले सन् २०१८ मा गरेको एक नमुना लेखाजोखाले दिएको तथ्यांकअनुसार काठमाडौं उपत्यकाका ९८ प्रतिशत सार्वजनिक भौतिक संरचना, यातायात सेवा अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त नभएका र २ प्रतिशत आंशिक रूपमा मात्र पहुँचयुक्त छन् ।

पत्रकार सम्मेलनमा महासंघका पूर्व अध्यक्ष डा.वीरेन्द्रराज पोखरेलले दिगो विकास लक्ष्यमा अपाङ्गता भएका व्यक्तिहरुलाई पनि राखिनुपर्ने बताए। यस्तै, उनले अपाङ्गतका भएका व्यक्तिहरु राज्यको संयन्त्रबाट पछाडि परेको गुनासो गरे ।

**दिप प्रज्वलन**

दिवसको अवसरमा महासंघले काठमाडौंको माइतीघरमा शुक्रबार साँझ दिप प्रज्वलन गरेको छ । सो अवसरमा नवनिर्वाचित अध्यक्ष देवीदत्त आचार्य, पूर्व अध्यक्ष डा.वीरेन्द्रराज पोखरेल, दिपक कोइराला लगायत महासंघका नवनिर्वाचित पदाधिकारीहरुको सहभागिता रहेको थियो।

# १ सय १५ स्थानीय तहमा मात्र लैङ्गिक हिंसा निवारण कोष स्थापना

**काठमाडौं/मस–** देशभरका ७५३ वटै स्थानीय तहमा लैङ्गिक हिंसा निवारण कोष स्थापना गर्नुपर्नेमा हालसम्म ११५ वटा पालिकामा मात्र व्यवस्था गरिएको छ । महिला हिंसाविरुद्ध १६ दिने अभियानको उपलक्ष्यमा काठमाडौं महानगरपालिका, महिला, कानून र विकास मञ्च, संयुक्त राष्ट्र संघीय महिला (यूएन वुमन)ले शुक्रबार संयुक्तरूपमा आयोजना गरेको अभियानका विषयमा नीतिगत संवाद विषयक कार्यक्रममा यस्तो जानकारी दिइएको हो । कार्यक्रममा मञ्चका कार्यकारी निर्देशक सविन श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुहुँदै लैङ्गिक हिंसा निवारण कोषको पैसा हिंसामा परेकाका लागि जति खर्च गरे पनि पाइने व्यवस्था भएकामा धेरै स्थानीय तहले यसमा खर्च गर्न कञ्जुस्याइँ गरेजस्तो देखिएको बताए ।

कोषका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पनि रु एक लाख बजेट दिएको छ । प्रदेश नं १ सरकारले पनि मातहतका पालिकालाई रु पाँच/पाँच लाख दिएको छ । सम्बन्धित पालिकाले यो कोषमा रु १० लाखसम्म बजेट राखेका छन् । यो कोषको पैसा जति खर्च गरेको हो त्यति नै सम्बन्धित निकायबाट थप दिने व्यवस्था छ । तर पनि कोषको पैसा धेरै स्थानीय तहमा खर्च भएको छैन । महानगरपालिकामा यो कोषको पैसा खर्च नभएको जानकारी दिइएको थियो ।

कार्यक्रममा महानगरपालिकाका सामाजिक विकास विभागका प्रमुख दीपक अधिकारीले यही मंसिर ९ गतेदेखि महानगर क्षेत्रमा १६ दिने अभियानको कार्यक्रम जारी रहेको बताए । उनका अनुसार विभागले बालिका हिंसाविरुद्ध पनि जागरणमूलक कार्यक्रम सञ्चालन गरिरहेको छ । यस विषयमा महानगरपालिकाको सहयोगमा किशोरी समूहले सडक नाटक प्रदर्शन गरिरहेको जानकारी पनि उनले दिए ।

मञ्चका पूर्वअध्यक्ष मीरा ढुङ्गानाले नागरिकता विधेयकलगायत कानून अध्ययन गर्दा राज्यले नै महिला हिंसा हुने खालका कानून निर्माण गरेको देखिने भनाइ राखे । बाल विवाह, बहु विवाहकार्य जस्ता अन्त्यका लागि नागरिक अभियान चलाउनुपर्नेमा पनि उनले जोड दिए ।

# भित्ते पत्रिका प्रकाशनसम्बन्धी तालिम सम्पन्न




**गौर/मस-** चाइल्ड नेपालको आयोजनामा भित्ते पत्रिका प्रकाशनसम्बन्धी तालिम खेसरहियामा सम्पन्न भएकोछ । बालबालिकामा रहेको प्रतिभालाई पत्रिकाको माध्यमबाट प्रष्फुटन गराउने उद्देश्यले तालिम आयोजना गरिएको आयोजक संस्थाका मनोज कुमार यादवले मध्यान्हलाई जानकारी दिए ।

बुधबार सम्पन्न सो दुई दिने तालिममा नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष प्रेमचन्द्र झाले सहजीकरण गरेका थिए । माधवनारायण नगरपालिकाको ४ वटा माध्यमिक विद्यालयका ५/५ जना गरी २० जना बालबालिकाको सहभागितामा तालिम सम्पन्न भएको चाइल्ड नेपालका फिल्ड सुपरभाइजर रेखा साहले बताइन् ।

सो अवसरमा सहभागी चारवटा बाल कल्बका बालबालिकाले हरेक हप्ता शनिबारका दिन पारेर अलग-अलग नामले भित्ते पत्रिका प्रकाशन गर्ने प्रतिबद्धता जनाएका छन् ।

**दबावमा ...**

सहमत छैनन्। पूर्वप्रधानमन्त्री झलनाथ खनाल सहितकै नेताहरु माओवादी केन्द्रसँग नभएर नेकपा एमालेसहितको एकताको पक्षमा छन् । स्थानीय चुनावपछि नै खनालले त्यस्तो संकेत दिएका थिए। तर आमचुनावमा एकीकृत समाजवादी नेपाली कांग्रेस नेतृत्वकै गठबन्धनमा बस्यो । चुनावी नतिजा भने एकीकृत समाजवादीले आशा गरेअनुसार आएन ।

गठबन्धनमा १९ सिट भागबण्डा पाएको एकीकृत समाजवादीले १० सिट जितेको छ। रुपन्देही-२ मा यो पार्टीका उम्मेद्वार राजु गुरुङको उम्मेद्वारी नै खारेज भयो । बाँकी उम्मेद्वारले जित्न सकेनन्। समानुपातिकतर्फ तीन प्रतिशतको थ्रेसहोल्ड कटाउने संभावना न्यून छ। शुक्रबार रातिसम्म यो पार्टीले समानुपातिक तर्फ २.८३ प्रतिशत (अर्थात् २ लाख ९३ हजार मात्रै कटाएको छ। अर्थात् कुल सदरमतको ३ प्रतिशत बनाएर एकीकृत समाजवादी राष्ट्रिय दल बन्नेमा अनिश्चय नै छ ।

एमालेबाट अलग भएर गठित यो पार्टीलाई राष्ट्रिय बनाउनैपर्ने मुख्य दबावमा अध्यक्ष माधव नेपाल छदैछन् । अझ पार्टीभित्रै एकताबारे देखिएको भिन्न मतका कारण थप दबाव बढेको देखिन्छ। तर अहिलेसम्म माधव नेपाल आफैले भने ठोस् अभिव्यक्ति दिएका छैनन् ।

**अमेरिकालाई ...**

दिगो सम्बन्धका लागि आफू प्रतिवद्ध रहेको बताए । त्यस क्रममा सम्पदा संरक्षण तथा प्रवर्धन, सहरी विकासका आपसी सिकाई र अभ्यास तथा द्विपक्षीय सम्बन्धमा विषयमा राजदूत थम्पसन र साहले छलफल गरेका थिए। अमेरिकाका फेडरिसवर्ग, बोल्डर, युजिन सहर र रोचेष्टर शहरसँग काठमाडौं महानगरको भगिनी सम्बन्ध छ ।

मेयर बालेनले अमेरिकी सहयोग सम्बन्धी परियोजना एमसीसी मार्फत विद्युत विदेशीलाई बेच्ने भन्दा पनि त्यो विद्युत नेपाल मै प्रयोग गरेर आर्थिक उन्नति गर्नु पर्छ भन्ने आफूहरुको धारणा रहेको बताएका छन् ।

नेकपा एमालेका नेता रावलले परराष्ट्र मन्त्रालय स्वीकृती लिएर अमेरिकी राजदूतसँग भेटेको हो कि होइन भनेर सामाजिक सञ्जालमा सोधेका थिए। त्यसको पनि मेयर बालेनले जवाफ दिएका छन् ।

बालेनले भनेका छन्, 'अमेरिकी राजदूतले हामीसँग पटक पटक भेट्न खोज्दा हामीले चाहिँ बरु उल्टै उहाँलाई परराष्ट्र मन्त्रालयबाट अनुमति लिएर आउनुस् भनेका हौं र उहाँले अन्तिममा परराष्ट्र मन्त्रालयबाट अनुमति लिएर आएपछि मात्र हामीले भेट्ने अनुमति दिएका हौं ।' मेयर साहले आफूहरुलाई विदेशीसँग सहयोग माग्ने कुनै रहर नरहेको पनि बताएका छन् ।

**कतारमा...**

आधिकारिक सूचना सम्प्रेषण, श्रम स्वीकृतिका प्रक्रिया र कामदारलाई गन्तव्य मुलुकमा समस्या परेमा उद्धार, राहत र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको समाजमा पुन:एकीकरण सम्बन्धमा नेपाल सरकारको कार्यलाई सहयोग मिल्ने अपेक्षा लिएको पनि मन्त्रालयको बुझाई रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शेर बहादुर कुँवरको निजी सचिवालयले जनाएको छ । शुरू सम्झौता पत्रको अवधि २ वर्षको राखिएको छ, तीनै पक्षको सहमतिका आधारमा अवधिमा सीमा थप गर्न सकिने कुरा पनि सम्झौतामा उल्लेख छ । त्यस्तै सम्झौता पत्रमा उल्लेख गरिएका कुरालाई समय अनुसार संशोधन वा परिमार्जन गर्नु परेमा तीनै पक्षको समझदारीको आधारमा अगाडि बढाउने सहमति भएको छ ।

**मोटरसाईकल हरायो**

मिति २०७९ असोज २ गते राति अन्दाजी ९ बजेको समयमा का.जि.का.म.न.पा - ३, बसुन्धारा बाट मेरो कालो रङ्गको NS200 सि.सी. को इन्जिन नं. JUXCLF67813, चयासीस नं. MD2A36FX5LCG93442, बा. ०२-०२० प ५४८० नम्बरको बजाज कम्पनीको बाइक हराएको हुँदा देख्नु वा पाउनुहुने महानुभावहरुले तपसिलको ठेगानामा वा नजिकको प्रहरी कार्यालयमा खवर गरी दिनुहुन अनुरोध गर्दछु ।

नाम : नन्द लाल पाखिन
ठेगाना : वाग्मती न.पा.-६, सर्लाही
सम्पर्क नं.: ९८४९११७५६२

**कतारमा रोजगारको अवसर** | कम्पनी: AL DIKSHYA CLEANING HOSPITALITY & SERVICES WLL
शहर: DOHA

पूर्व स्वीकृत मिति:२०७९/०५/२३ चलानी नं.:६०१८७२२५ LT. No.:271528 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver (Light) | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ६०,३१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Clean Worker | 9 | 0 | | 1200 | ४२,५७६ | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1200 | ४२,५७६ | | | | | | | |
| 4. | Manager | 1 | 0 | | 5700 | २०२,२३६ | | | | | | | |
| 5. | Representative | 1 | 0 | | 2200 | ७८,०५६ | | | | | | | |
| 6. | Supervisor | 3 | 0 | | 2500 | ८८,७०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम ई. पत्र नं. १२३५/०७४/७५
**AASHIN OVERSEAS PVT. LTD.**
Sinamangal-9, Airport, Kathmandu, Tel.: 015902036, 015902037

**साउदीमा रोजगारको अवसर** | कम्पनी : ZAMIL OFFSHORE SERVICES COMPANY
शहर: Saudi Arabia,AL KHOBAR

पुर्व स्वीकृत मिति: २०७९/०४/२९ चलानी नं.: ६०१८५३२३ LT. No.: 269529 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 6 | 0 | स. काममा दक्ष | 1000 | ३४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MIRO FURNITURE & ACCESSORIES शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७९/०७/२४ चलानी नं.: ६०१९०९०५ LT. No.: 275424 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,३८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Luna HR Solutions Pvt. Ltd.**
Govt. Lic. No. 799/065/066
Bhimsengola-31, Kathmandu, Tel: 01-4110391, 4110394
E-mail: lunahrsolutions@gmail.com, website: www.lunahrsolutions.com

**साउदीमा रोजगारको असर** | कम्पनी: AL-ANWAR EASTERN CONT.EST.
शहर : Saudi Arabia, Jubail

पूर्व स्वीकृत मिति:२०७९/०८/१३ चलानी नं.:६०१९२६३१ L.T. No.:276786

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६२,०८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ४४९/०६०/०६१
**क्वालीटी इन्टरनेशनल ओभरसिज कन्सल्टेन्सी कं. प्रा.लि.**
काठमाण्डौं म.न.पा.९, सिनामँगल, काठमाण्डौं नेपाल मोबाइल नं. ९८४१४९८८६६, ९८४१९२७६७६ ।
Email : skboverseas@hotmail.com

**कुवेतमा रोजगार** | १. कम्पनी: BIN MERSAN COMPANY FOR THE DELIVERY OF CONSUMER ORDERS
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०५/१० चलानी नं.: ६०१८६२१९ LT. No.: 270432 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 28 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: MERSAN CENTER FOR THE DELIVERY OF CONSUMER ORDERS शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०५/१० चलानी नं.: ६०१८६२२० LT. No.:270433 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Driver | 22 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५६,९७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 30 | 0 | | 135 | ५६,९७० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
**LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.**
**( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)**
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu, E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

**मलेसियामा रोजगार** | १. कम्पनी: A5 SECURITY SERVICES SDN BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मिति: २०७९/०८/१६ चलानी नं.: ६०१९२५९२ LT. No.: 276941

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 73 | 0 | स. काममा दक्ष | 1500 | ४४,१४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**A.N.S. ASSOCIATES PVT. LTD.**
**ए.एन.एस.एशोशिएट्स प्रा. लि.**
Govt. Lic. no.: 473/060/61
Boudha, Mahankal-06, Kathmandu, Nepal | Phone No. 01-5918472, 01-5918424
Mobile :9851089179/9812735209 E-mail : anspasang8125@gmail.com | Website : www.ansassociates.com.np

# गुणस्तरहीन काम गर्ने ११ जनाविरुद्ध भ्रष्टाचार मुद्दा




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गुणस्तरहीन काम गर्ने ११ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ। राज्यको स्रोत साधनको दुरुपयोग गरेको आरोपमा सर्लाहीको चक्रघट्टा गाउँपालिकाका तत्कालीन अध्यक्षसहित ११ जनाविरुद्ध मुद्दा दायर गरिएको आयोगका प्रवक्ता श्याम प्रसाद भण्डारीले जानकारी दिए।

चक्रघट्टा गाउँपालिकाका-४ सुन्दरपुरस्थित बहिदको जग्गादेखि ढुङ्गाखोलासम्म पक्की नाला निर्माण गर्ने कार्यमा गुणस्तरहीन काम गरेको अभियोगका गाउँपालिकाका अध्यक्ष विक्रम यादव, निमित्त प्रमुख प्रशासकीय अधिकृत मुकेशकुमार पाठक, इञ्जिनीयर अजय यादव र लेखापाल शिवशङ्करप्रसाद कुसवाहविरुद्ध रु तीन लाख ४१ हजार पाँच सय ४४ बराबरको बिगो दाबी गरिएको आयोगले जनाएको छ।

सोही गाउँपालिका-४ का वडाध्यक्ष अब्दुल अहद कवारी, गाउँ कार्यपालिका सदस्य विजयकुमार चौधरी र विनोद साह, इञ्जिनीयर अजय यादव र सवइञ्जिनीयर जीतेन्द्र यादवविरुद्ध भ्रष्टाचार निवारण ऐनबमोजिम कारबाहीको माग गरिएको छ। आयोगले उपभोक्ता समितिका अध्यक्ष शेख मोहम्मद इरफान अलि, कोषाध्यक्ष हजरा खातुन र सचिव मोहम्मद इरफानविरुद्ध तीन लाख ४१ हजार पाँच सय ४४ रुपैयाँ बराबरको बिगो दाबी गर्दै मुद्दा दायर गरिएको आयोगका प्रवक्ता भण्डारीले जानकारी दिए।

## रौतहट डायरी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

### मौलापुरमा करदाता शिक्षा कार्यक्रम



जिल्लाको मौलापुर नगरपालिकामा करदाता शिक्षा कार्यक्रम सम्पन्न भएको छ। 'स्वेच्छिक कर सहभागितामा अभिवृद्धिः सुशासन, विकास र समृद्धि' मूल नाराका साथ करदाता सेवा कार्यालय गौर रौतहटले कार्यक्रमको आयोजना गरेको हो। नगरपालिकाको वडा नम्बर ५ स्थिति सभाहलमा भएको कार्यक्रममा उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष पंण्डित प्रसाद जयसवालको विशेष आतिथ्यता तथा करदाता सेवा कार्यालय रौतहटका प्रमुख पप्पु कुमार गुप्ताको अध्यक्षता रहेको थियो।

कार्यक्रममा प्रमोद कुमार सिंहले ई-टिडिएस प्रक्रियाका बारेमा जानकारी गराएका थिए। यस्तै उनले आर्थिक ऐन २०७९ले प्रदान गरेका छुट तथा सुविधा, आय विवरण र कर सम्बन्धी जानकारी गराएका थिए।

यस्तै, कार्यक्रममा नायब सुब्बा रामकाजी नगरकोटीले आय विवरण, करछुट सुविधा, डेवान डेटु छुट, कम्प्युटर बिलिङ्ग, पान नम्बर कसरी लिने र नयाँ स्किमसहितको विषयमा जानकारी दिएका थिए। आर्थिक विधेयक २०७९ले प्रदान गरेका छुट तथा सहुलियतबारे पनि उनले जानकारी दिएका थिए। कोरोना कहरबाट प्रभावित कारोबारमा कर छुट सहुलियत सम्बन्धी विशेष व्यवस्था, करको दायरामा आउनेलाई कर तथा ब्याज मिनहा लगायतका विषयमा पनि उनले जानकारी गराएका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ रौतहटका अध्यक्ष जयसवालले करतर्फ व्यापारीहरूले ध्यान दिनुपर्ने बताएका थिए। कर तिरेर व्यापारीहरूले आफ्नो कर्तव्य पालन गर्नुपर्नेमा उनले जोड दिए। करदातालाई कुनै विशेष शिक्षा आवश्यकता परेमा सहयोग गर्न आफूहरू हरदम तयार रहेको उनको भनाइ छ।

कार्यक्रमलाई समापन गर्दै करदाता सेवा कार्यक्रम गौर रौतहटका प्रमुख गुप्ताले संस्थाहरुले पान नम्बर लिनुपर्ने बताए। अनुगमन टोली बेलाबेला आउने भएकोले अनिवार्य रूपमा करदाताहरूले नियमको पूर्ण पालन गर्न आग्रह गरे। समयमा कर चुक्ता गर्न आग्रह गर्दै उनले दर्ता नगरी कुनै कारोबार नगर्न अपिल गरेका थिए।

यस्तै, कार्यक्रममा नेपाल पत्रकार महासंघका जिल्ला कार्यसमिति सदस्य रामप्रवेश बैठा, करदाताहरू, अडिटरहरू, कर सहयोगी, फर्मका प्रतिनिधि र अन्य निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

### आदर्श सामुदायिक विद्यालय भवनको शिलान्यास

रौतहटको गुजरा नगरपालिका वडा नम्बर ६ स्थित आदर्श सामुदायिक प्राथमिक विद्यालयको दुई कोठे भवनको शिलान्यास भएको छ। राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत २२ लाख रुपैयाँको लागतमा निर्माण हुने भवनको शुक्रबार एक कार्यक्रमकाबीच नगर प्रमुख सन्तलाल चौधरी र उपप्रमुख रत्ना लामाले शिलान्यास गरेका हुन्।

कार्यक्रममा बोल्दै नगरप्रमुख चौधरीले गुजरालाई शिक्षाको हब बनाउनका लागि शिक्षा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर काम गरिरहेको जानकारी दिए। विद्यालय भवन निर्माण भएपछि अध्ययन तथा अध्यापनका लागि सहज हुने उनको विश्वास छ। नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकताका साथ अगाडि बढाउन प्रक्रिया थालेकाले सबैलाई सहयोग गर्न उनले आग्रह गरे।

कार्यक्रमा गुजरा नगरपालिकाका नगरप्रमुखसँगै उपप्रमुख लामा, प्रमुख प्रशासकीय अधिकृत विनोद जयसवाल, शिक्षा प्रमुख शिवमंगल शाह, वडाध्यक्ष शेष अबदुल सलाम, प्रधानाध्यापक रिता देवि चौधरी, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जमसैद अन्सारी लगायत शिक्षक-शिक्षिका, छात्रछात्रा, स्थानीय भद्र भलादमी, बुद्धिजीवी, शिक्षाप्रेमीहरूको उपस्थिति रहेको थियो।


## साउदीमा रोजगार

१. कम्पनी: AL-NAFJAN CONTRACTING COMPANY IS A ONE PERSON COMPANY
शहर: Saudi Arabia, RIYADH

पुर्व स्वीकृत मितिः २०७९/०५/०५ चलानी नं.: ६०१८५७५५ L.T. No.: 269833 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Worker | 17 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | welder | 2 | 0 | | 1500 | ५१,७३५ | | | | | | | |

२. कम्पनी: JADDARAH RECRUITMENT COMPANY शहर: DAMMAM

पुर्व स्वीकृत मितिः २०७९/०५/०१ चलानी नं.: ६०१८५६९८ L.T. No.: 269581 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 65 | 0 | स. काममा दक्ष | 1000 | ३४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: JAWA HUMAN RESOURCES CO. शहर: AL KHOBAR

पुर्व स्वीकृत मितिः २०७९/०५/१७ चलानी नं.: ६०१८६७०७ L.T. No.: 271015 पून विज्ञापन

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 50 | 0 | स. काममा दक्ष | 1000 | ३४,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ मंसिर २४ गते (10 December 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ... ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**AL NASEER OVERSEAS PVT. LTD.**
Gov. Lic. No. 141/055/056
Pingalastha-9 Gaushala, Kathmandu, Nepal
G.P.O. Box: 8975, EPC No.: 1719, Tel.: 4489867, 4466772, 4466771, Fax: 4466771
Email: alnaseeroverseas@gmail.com, info@anoverseas.com, Web.: www.anoverseas.com

## UAE मा PSBD SECURITY GUARD हरुलाई रोजगार

Spark Security Services Sole Proprietorship LLC

पुनः विज्ञापन। पूर्व स्वीकृती मितिः २०७८/०८/०६ चलानी नं. ६०१६८३६७ LT No. : 251571

| सि. नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 40 | 5 | काममा दक्ष | 2000 | ७०,२७०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |

SLC पास, उचाईः पुरुष ५ फिट ७ ईन्च र महिला ५ फिट भन्दा माथि भएको हुनुपर्नेछ।

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ। फाइनल अन्तरवार्ता २०७९ मंसिर २५, २६ र २७ गते (11, 12 & 13 Dec, 2022) यस प्रा. लि. कार्यालय सिनामंगल काठमाडौंमा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम इजाजत नं.: ९५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८,
मो. नं. ९८१८५१०५३३, ९८२३५१११०६, ९८१८०६००५७, इटहरी सम्पर्क: ९८०८०५६५५०
९८११३१६३३२, ९८१५३५७८२३, पोखरा सम्पर्क: ९८०११३६६८५, ९८५६०३९७७०
चितवन सम्पर्क: ९८१९२२१८५५,

## ZERO COST RECRUITMENT IN MALAYSIA!!
## मलेसियामा शुन्य लागतको रोजगार !!

Free Visa, Free Ticket, Free Service Charge, Free Medical, Free Passport and Free Transportation, lodging and Meals (upon offering of job).
निःशुल्क भिषा, निःशुल्क टिकट, निःशुल्क सेवा शुल्क, निःशुल्क स्वास्थ्य जाँच, फ्रि राहदानी र निःशुल्क यातायात, आवास र खाना (छनौंट पस्चात)

रोजगारदाता कम्पनी : TDK ELECTRONICS (MALAYSIA) SDN BHD, MAL, MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०८/०७ चलानी नं.: ६०१९१८९४ एल टी नं.:२७६१६२
Pre Approval Date: 2022/11/23 Reference No.:60191894 L.T. No.: 276162

| सि.नं S.N. | कामदारको पद Worker's Position | पुरुष Male | महिला Female | न्यूनतम योग्यता Minimum Qualification | रिङ्गिट MYR | ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अबधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing) Sec) औद्योगिक कामदार | १०० 100 | 0 0 | Basic Understanding of English speaking and writing साधारण अंग्रेजी लेख्न, पढ्न र बुझ्न सक्ने | १५०० 1500 | ४२,७०५ 42,705 | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | छ Yes | दुई वर्ष 2 Years |

TDK ELECTRONICS (MALAYSIA) SDN.BHD does not impose any Recruitment/Placement Fee For this Employment.
